# आ.व.०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम

# लुङ्ग्री गाउँपालिका

गाउँसभाबाट स्वीकृत मिति : २०७८/०३/१०

प्रमाणीत

श्री

# लुङग्री गाउँपालिकाको तेह्रौ गाउँसभामा अध्यक्ष श्री दुर्गा बहादुर खड्का प्रस्तुत नीति तथा कार्यक्रम

तेह्रौ गाउँसभा एवं यस लुङग्री गाउँपालिकाका सभा उपाध्यक्षज्यू
आदरणीय अतिथिज्यूहरु,
गाउँकार्यपालिकाका गाउँसभाका सचिबज्यू
यस गाउँपालिकाका सबै सभा सदस्यज्यूहरु
सम्पूर्ण कर्मचारी साथिहरु.,
संचारकर्मी महानुभावज्यूहरु
सुरक्षाकर्मी मित्रहरु

लुङग्री गाउँपालिकाको यस गरिमामय गाउँसभा आ.व. ०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउदा मैले धेरै गौरवान्वित महशुस गरेको छु । यस अवसरमा मुलुकको राजनीतिक तथा सामाजिक परिवर्तनका लागि आफ्नो ज्याननैं बलिदान दिने महान शाहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाइते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

लुम्बिनी प्रदेश, अन्तर्गत रोल्पा जिल्लाको ऊत्तरपुर्बी भागमा बिबिध भौगोलिक तथा सामाजिक बिशेषता समेट्दै मिति २०७३ फाल्गुन २७ गते नेपाल सरकारले साबिकका हारजङ गा.बि.स.,गुम्चाल गा.बि.स., वडाचौर गा.बि.स., सिर्प ग.बि.स, पाङ गा.बि.स.हरुलाई संमायोजन गरि सौदर्य नदि लुङग्रीको नामबाट यो गाउँपालिकाको नाम लुङग्री गाउँपालिका नामकरण गरिएको हो । यस लुङग्री गाउँपालिकामा साबिकका ५ वडा गा.बि.स. हरु समायोजन गरि जम्मा सातवटा वडाहरुमा बिभाजन गरिएको छ । यो गाउँपालिकाले १३५.२३ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ भने यो गाउँपालिका रोल्पा जिल्लाको सदरमुकाम लिबाङ्ग हाल रोल्पा नगर पालिका बाट ३५ कि.मि. उत्तरपुर्बी मा अवस्थित छ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या २३६३१ रहेको छ ।

देशको संक्रमणकालीन राजनीतिक द्वन्दका कारण लामो समय सम्म जनप्रतिनिधि बिहिन स्थानीय सरकार फलतह २०७४ असाढ १४ गते स्थानीय निर्वाचन भई जनप्रतिनिधिहरु बहाल भएको चार वर्ष पुरा हुदै छ । यस अवधिमा प्रथम गाउँसभाबाट पारित नीति तथा कार्यक्रम र बजेट कार्यन्वयन भई परिवर्तनका केहि सकारात्मक परिणामहरु देखिएका छन् । जनताको घरदैलोको सरकार स्थानीय सरकार हो । जनउत्तरदायी स्थानीय सरकार मार्फत सुशासन र सुशासनको माध्यमबाट सम्बृद्धि आज जनताले चाहेका हुन । सिमित श्रोत साधन र नया शासकीय अभ्यासमा जनताको यो अपेक्षा पुरा गर्नु चुनौतीपूर्ण भए पनि यसको बिकल्प पनि छैन । जनताको माग र अपेक्षा बमोजिमका दीर्घकालीन योजनाको कार्यान्वयन गरी गाउँपालिकाको समृद्धिको लागि कार्य गर्नु स्थानीय सरकारको पहिलो कर्तब्य हो । विगतको झन्डै चार वर्ष हामीले यहि उपलब्धि प्राप्त गर्ने कार्यमा खर्केका छौं ।हाम्रो गाउँपालिका भौगोलिक विविधताका साथै सांस्कृतिक, भाषिक र जातीय विविधताले भरिपूर्ण छ ।यो विविधता हाम्रो चिनारी हो, विकास र सामाजिक एकताको आधार पनि हो । भौगोलिक, धार्मिक,सांस्कृतिक, भाषिक र जातीय विविधता,यस गाउँपालिका क्षेत्रमा



दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

प्रमाणीत

अवस्थित भालुगुफा,वडाचौर क्षेत्रको रमणीयता,बराहक्षेत्र, गुम्चालमा अवस्थित शिवालय तथा थामलेक, नम्जामा स्थित मस्ताथान, सरिकोट लगायतका अति आनन्ददायी स्थानहरुको प्रचार प्रसार गरी स्वदेशी तथा विदेशी पर्यटकको लागि आकर्षक र रमणीय गन्तव्य स्थलको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ। गाउँपालिकाले व्यापक रुपमा बृद्धि गर्न सक्ने आन्तरिक श्रोतको सम्भावना, नेपाल सरकार तथा प्रदेश सरकारले दिने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानका साथै विभिन्न विकास साझेदारहरुबाट हुन सक्ने लगानीले गर्दा यस गाउँपालिकाले निकट भविष्यमै भौतिक, आर्थिक तथा सामाजिक विकासमा फड्को मार्न सक्ने निश्चित छ। हामी सम्पूर्ण गाउँपालिकावासीको सामुहिक प्रयासले यस क्षेत्रलाई अझ सुन्दर, विकसित तथा सम्पन्न गाउँपालिका बनाउन सकिने संभावनाहरु प्रसस्त रहेका छन्। जनताद्धारा निर्वाचित प्रतिनिधिहरुबाट नयाँ संविधानको निर्माण भई विकासका नयाँ सम्भावनाहरुको उदय हुनुले पनि यस क्षेत्रको चौतर्फी विकास हुन सक्ने सम्भावना छ। नेपालको संविधान बमोजिम लोकतन्त्रलाई संस्थागत गर्दै लोकतान्त्रिक मुल्य र मान्यता बमोजिम जनताका चाहना, आकांक्षा एव संघीयताको मर्म अनुरुप स्थानीय सरकारलाई सुदृढ र विकसित गर्नु पर्ने आवश्यकता रहेको छ।

## आदरणीय गाउँसभाका उपस्थित महानुभावहरु,

अब म आ.व. ०७८/७९ मा गाउँपालिकाले अबलम्बन गर्ने वार्षिक नीति यस गाउँसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु। विगतको बर्षका नीति तथा कार्यक्रमलाई निरन्तरता दिंदै यस आ.व.०७८/७९ मा स्वास्थ्य, शिक्षा, रोजगारलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तय गरिएको जानकारी गराउन चाहन्छु।

## लुङ्ग्री गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०७८

### क) प्रशासन र योजना नीति :

- शासन प्रणालीलाई जनमुखी सक्षम सेवामुलक र उत्तरदायी बनाउँदै लैजानु आजको आवश्यकता हो। संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु प्रशासनको मुल मर्म हो। कर्मचारीको क्षमता विकासको लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ। सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै प्रविधि मैत्री बनाउन आवश्यक पहल गरिनेछ। राष्ट्रसेवक कर्मचारीलाई आफनो कार्य जिम्मवारी प्रति थप परिणाममुखी राम्रो कार्य गर्ने एक जना कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ। गाउँपालिकामा सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता प्रवद्धन गर्नको लागि सार्वजनिक सुनुवाइको ब्यवस्था गरिनेछ।
- योजनाको कामहरु छिटो छरितो सरल रुपमा सेवा प्रवाह गर्नको लागि सफ्टयरको व्यवस्था गरिनेछ। ठुला योजनाहरु ठेक्का पट्टाबाट संचालन गर्ने ब्यवस्था मिलाइनेछ। गाउँपालिका भित्र संचालन हुने योजनाहरुको पूर्व अनुगमनलाई प्रभावकारी बनाइनेछ।

दुर्गा बहादुर छहरा
गा.पा. अध्यक्ष

लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणीत

## ख) कृषि र पशु सम्बन्धी नीति तथा कार्यक्रम :

"उन्नत खेति गरेमा कमी हुन्न खानलाई ।
आय आर्जन बढ्द छ पर्दैन विदेश जानलाई ।।"

- यस लुङ्ग्री गाउँपालिकालाई तरकारीजन्य वस्तुमा पुर्ण रुपमा आत्मनिर्भर बनाइने छ । त्यसको लागि अनिवार्य रुपमा एक घर एक करेसावारीको अवधारणा लिई उक्त कुरालाई कार्यान्वयन गर्न बिगतका आर्थिक वर्ष देखी वडाहरु छनौट गरि कार्थन्वयनमा ल्याइएको छ ।उक्त एक घर एक करेसावारी र एक गाउँ एक उत्पादन कार्यक्रमलाई सफल बनाउनका लागि एक गाउँ एक प्राविधिक नपुगेका वडाहरुमा तत्काले आवश्यकता पुर्ती हुने गरि व्यवस्था मिलाइने छ ।
- पोषणलाई सुधार गर्ने को लागि लुङ्ग्री गाउँपालिका भित्रको प्रत्येक घरधुरी लाई करेसाबारी स्थापनाको अभियान निरन्तरता दिईने छ । साथ साथै कृषि उत्पादन लाई वृद्धिदर, फोहोर मैला व्यवस्थापन गर्न को लागि प्रत्येक घरमा कम्पोष्ट पिट अनिवार्य रुपमा बनाउने कृषकहरुलाई प्रोत्साहन गरिने छ ।
- मानव स्वास्थ्यलाई समेत ध्यानमा राखी कृषि उपज बस्तुहरुमा तत्काल किटनासक औषधी निरुत्साहित गर्दै अर्गानिक झोल मलको प्रयोग गरि उत्पादन गर्नमा गा.पा.बाट सहयोग तथा परामर्श दिईनेछ।
- गाउँपालिकलाई मसलाजन्य वाली जस्तै अदुवा, बेसार, लसुन र प्याज आदिमा आत्मानिर्भर बनाउन बिगतमा सत प्रतिशत अनुदानमा बिउ वितरण गरिएझैं आगामी आ.व.मा समेत सो कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- यस गाउँपालिकाका कृषकहरुको लागि उन्नत तथा गुणस्तरीय बिउ बिजनको अभाव भएको महसुस गर्दै आगामी वर्ष गाउँपालिका भित्रका कृषक समुह / कृषि सहकारी संस्थाहरुमा तरकारी ,दलहन, खाद्यान्न बालीको स्थानीय स्तरमै गुणस्तरयुक्त बिउ उत्पादन गर्नको लागि आवश्यक पहल गरिने छ ।
- पशुपंक्षी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि यस गाउँपालिकाले कृत्रिम तथा प्राकृतिक गर्भ धारणका कार्यक्रमहरु अगाडि बढाइने छ । जसमा प्रत्येक वडा वडामा कृत्रिम तथा प्राकृतिक गर्भाधारण बारे कृषकलाई तालिम, गोष्ठी गराई त्यसको महत्व बारे प्रस्ट पारिने छ र प्राकृतिक गर्भाधारणको लागि सडक सजालबाट बञ्चीत भएका र भौगोलिक दृष्टिकोणले टाढा रहेका बस्ती, समूह, सहकारीहरुलाई उन्नत जातका रागा, बोका, बंगुर आदि वितरणको कार्यक्रम गरिने छ । साथै हालै सञ्चालनमा आइरहेको (ए.आइ) कृत्रिम गर्भाधानको माध्यमबाट पनि नश्ल सुधार गरिने छ हालको संख्याबाट एक तिहाईको दरले वृद्धि गरिने छ । आगामी छ वर्ष भित्र कृत्रिम तथा प्राकृतिक गर्भाधारणबाट उन्नत उत्पादन शिल गाई, भैसी, भेडा, बाख्राको संख्यामा दोब्बर बनाइने छ ।
- माछा उत्पादन गरि खानु पर्छ भन्ने सोच यस गा.पा.मा नदेखिएको हुँदा माछापालन सम्बन्धि बिभिन्न खाले तालिम, गोष्ठी, भ्रमण लगायतका कार्यक्रमहरु बनाइने छ र यस गाउँपालिकामा यो वर्ष कृषकहरुलाई पोखरी निर्माणमा उत्साहित बनाई माछाका भुरा वितरण कार्यलाई तिब्रता दिईने छ ।
- स्थानिय उत्पादनलाई प्राथमिकता दिदै अर्गानिक उपजहरुको सेवन गर्ने वानि बसाल्नुको साथसाथै तरकारीजन्य वस्तुमा बढ्दो व्यापार घाटालाई मध्यनजर राख्दै गाउँपालिका अन्तरगतका उत्पादित वस्तुहरुको उपलब्धता रहेसम्म वाहिरी आयातलाई विस्तापित गर्ने खालको व्यवस्था मिलाइने छ ।

प्रमाणीत

- लुङ्ग्री गा.पा.लाई कृषि उत्पादन द्वारा परिचित बनाउनका निमित्त सात वटै वडाहरुमा हावापानि अनुकुलको फलफुल, तरकारी तथा मसलाजन्य वस्तु लगायत नगदे वालिहरु जस्तै स्याउ, नास्पाती, कागती, सुन्तला, आँप, अनार, जुनार, आलु, अलैंची, टिमुर, भटमास, सिमी, दाँतेओखर आदी लगायतका उत्पादनहरुलाई पहिलो प्राथमिकतामा राखी कृषि उत्पादन द्वारा गा.पा.लाई आर्थिक रुपमा सम्पन्नशाली बनाउने व्यवस्था गरिने छ। साथै एक घर एक करेसाबारीको अवधारनालाई निरन्तरता दिइनेछ।
- आधुनिक प्रविधीयुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गर्दै आवश्यक कृषि सामाग्रीहरुमा उचित अनुदानको व्यवस्था मिलाइने छ।
- अण्डा तथा मासुजन्य वस्तुहरुमा आत्मनिर्भर वनाउनका निमित्त पशु तथा पंक्षी पालनमा लागेका किसानहरुलाई आवश्यक सल्लाहसुझाव, तालिम, अनुसन्धान अवलोकण भ्रमण गराउनुको साथसाथै उचित अनुदानको व्यवस्था मिलाइने छ।
- निर्वाहमुखी पशुपालनलाई व्यवसायिक उन्मुख बनाउनका निमित्त भुई तथा डाले घाँस साथै बहुवर्षिय घाँसको विरुवाहरुको अनुदानमा व्यवस्था मिलाई घाँस रोप्ने अभियानलाई तिव्र रुपमा अगाडी बढाइने छ।
- विगतका आ.व. देखि सुरु गरिएको बजारबाट आउने विभिन्न प्रकारका फुलहरुलाई रोक लगाई आफ्नै गाउँ घरमा पाहिने स्थानीय जातका फुलहरु उत्पादन तथा प्रयोग गरि फुलमा आत्मानिर्भर हुने कार्यलाई आगामी बर्षहरुमा पनि निरन्तरता दिइने छ।
- कृषि उत्पादन संकलनको लागि कृषि उपज संकलन केन्द्र स्थापन भई सकेकाले गाउँपालिका भित्रका किशानहरुको उत्पादनलाई कृषि संकलन केन्द्रमा संकलन गरी बजारिकरणमा थप टेवा पुर्याउने उद्धेश्यले थप व्यवस्थित गराइने छ साथै विभिन्न खालका साना उद्योगहरु स्थापना गरी कृषि एम्बुलेन्स संचालनको लागि आवश्यक पहल गरिने छ।
- कृषक र ब्यपारीहरु बिच परिचय भेटघाटको सम्बन्धलाई समधुर बनाउन र कृषकले उत्पादन गरेको उत्पादनलाई प्रचार प्रसारको लागि लुङ्ग्री गाउँपालिका भरिमा कम्तिमा दुईवटा सासाहिक हाट बजार संचालन गर्न पहल गरिने छ।
- मागमा आधारित कृषि विकास कार्यक्रमहरु (जस्तै च्याउ खेति, मौरीपालन,व्यवसायिक तरकारी खेति तथा फलफुल) संचालन गरिने छ।
- सामुहिक खेति तथा पशुपंक्षी पालन नितीको विकास गरी तत सम्बन्धी क्रियाकलापहरुलाई अगाडि बढाईने छ।
- बैदेशिक रोजागारबाट फर्केका युवाहरुलाई कृषि तथा पशुपालन क्षेत्रमा रोजगारीको सृजना गर्नको लागि युवा स्वारोजगार कार्यक्रमहरु ल्याइने छ। व्यवसायिक योजना बनाई पालिकामा पेश गरेमा ६०-७०% अनुदानको रुपमा व्यवस्था गरिने छ।

## ग) पुर्वाधार नीती तथा कार्यक्रम :

- गा.पा अन्तरगतका सम्पुर्ण मोटरबाटोहरुलाई निरन्तरता दिदै ७ वटै वडाहरुलाई जोड्ने गरि वाहिरी तथा भित्रि रिङरोडको योजनालाई प्राथमिकताका साथ तिव्र रुपमा अगाडि बढाइने छ। गा.पा अन्तरगतका मोटरबाटोहरुलाई नियमित रुपमा सञ्चालन गर्न स्तरोन्नती गर्ने कार्यलाई समेत ध्यानमा राखी मर्मत सम्भार कोषको व्यवस्था मिलाइने छ। मुख्य मोटरबाटो देखी गा.पा.केन्द्र सम्मको मो.वा. लाई स्तरोन्नतीको साथसाथै कालोपत्रे तथा पक्की बनाउने कामलाई पहिलो प्राथमिकता दिदै गा.पा.



दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

प्रमाणीत

अन्तर्गतका अन्य मोटरबाटोहरुलाई समेत कार्यक्षेत्र बनाउन सडक डिभिजन कार्यालय प्युठान, पूर्वाधार कार्यालय लिवाङ संग लगायत सम्भाव्य सरोकारवाला निकायहरु सँग समन्वय र सहकार्य गरिने छ।

- प्रत्येक वडाहरुमा खेतीयोग्य जमिनमा सिचाईको सुविधा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ।
- एक घर एक धारा अन्तरगत गा.पा.का सम्पूर्ण वडाहरुमा खा.पा.को व्यवस्था मिलाइने छ।
- शहरी योजना तथा भवन निर्माणको मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने कुरामा जोड दिइने छ।
- ५ वर्ष भित्रमा गा.पा. भित्रका सम्पुर्ण घरमा विजुलीवत्ती पुग्ने गरि विद्युत लाइन विस्तार गर्ने कार्यलाई अगाडि बढाइने छ साथै स-साना बजार क्षेत्रमा सौर्य बत्तीको व्यवस्थापन समेत मिलाइने छ।
- सम्भाव्य ठाउँहरुमा उत्पादन गर्न सकिने साना जलविद्युत को लागि खोज तथा अनुसन्धान गर्न पहल गरिने छ।
- बढ्दो जनसंख्या संगै बढ्दो आवादिकरणको कारणले भोग्दै गरिएको प्राकृतिक, मानवीय, आर्थिक क्षति कम गर्न अब बन्ने संरचनाहरु RCC Structure को बनाउनको लागि विशेष पहल गरिने छ साथै घट्दै गएको सुरक्षित बसोबासयोग्य जमिनको अभावलाई महसुस गर्दै आगामी बर्षहरुमा Multi Story भवन बनाउन प्रोत्साहन गरिने छ ।
- रोल्पा जिल्लाकै एक मात्र विमानस्थलका रुपमा रहेको बडाचौर बिमानस्थल पहिले सञ्चालनमा आएतापनि विगत ३० वर्ष देखी विभिन्न कारणले गर्दा बन्द भएकोले पुनः सञ्चालनमा ल्याउन यथासिघ्र सञ्चालन गर्ने कार्यलाई आवश्यक पहल गरिनेछ।
- गा.पा.मा सञ्चालन भइरहेको मोटरबाटो हरुलाई वर्षातको समयमा पनि निर्बाध रुपमा सञ्चालन गर्नका निमित्त ति सडकको विचमा भएका नदिहरु जस्तै : किलाचौर सालडाडाँ विचमा वोज्याङखोला,जुटुङखोला, किलाचौर नम्जाको विचमा रहेको वोज्याङखोला, लालुवाङ र पाङको विचमा रहेको बोज्याङखोला,आलिवाङ दाईवाङमा रहेको पाङखोला, सिर्प र पाङको विचमा रहेको गड्डेखोला लगायतका खोलाहरुमा मोटरेवल पुलको निमित्त तत्काल पहल गरिने छ। साथै विभिन्न भू-भागमा छरिएर रहेका वस्तीहरुमा वसावास गर्ने जनतालाई एक ठाउँबाट अर्को ठाउँसम्म सहजरुपमा आवातजावत गर्नका लागि विचमा रहेका खोलाहरुमा झोलुङ्गे पुल बनाउनका साथै गोरेटोबाटो निर्माण गर्नका निम्ति यथासिघ्र पहल गरिने छ।

**घ) वन वातावरण तथा विपद व्यवस्थापन नीती :**

- गाउँपालिकामा रहेका सामुदायिक वनका सम्पूर्ण वन क्षेत्र पहिचान गरि वनको सम्पुर्ण क्षेत्र र व्यक्तिको जग्गालाई छुट्याईनेछ। साथै हरियो वन नपालको धन भन्ने शव्दलाई अहिले हरियो वन तस्करको धन भईरहेकोले त्यसलाई रोक्नको लागि तिव्र रुपमा अभियान सञ्चालन गरिने छ।
- सम्पूर्ण वन क्षेत्रको पहिचान गरि खालि रहेको नाङ्गो डाडाँहरुमा बार्षिक रुपमा कम्तिमा २५ हजार बराबरको दरले काठजन्य विरुवा, जडिवुटी जन्य विरुवा, घाँसजन्य विरुवाको वृक्षारोपण कार्यलाई तिव्र गतिमा अगाडि बढाइने छ।
- वन क्षेत्रहरुमा टिमुर, दालचिनि, तिते, औलेसा, अलैची लगायतका जडिवुटी तथा नगदेवालिहरुको संरक्षण तथा वृक्षारोपण गरि उपभोक्ताहरुलाई छोटो समयमै लाभ दिने खालको कार्यलाई अगाडि बढाइने छ।
- जुनसुकै प्रकारको वन क्षेत्रमा समेत घाँसजन्य विरुवाहरु रोपी उपभोक्ताहरुलाई घाँसमा आत्मनिर्भर बनाई पशुपालन कार्यमा लाग्नका निमित्त उत्प्ररित गर्ने कामलाई अगाडि बढाइने छ।

प्रमाणीत

- गा.पा. अन्तरगतका सम्पूर्ण वन क्षेत्रको हावापानिको पहिचान गरि धुपीसल्ला, देवधार, कयल, पैयाँ, खोटेसल्ला, सिसौ, साल लगायतका विरुवाहरुलाई संरक्षण तथा वृक्षारोपण कार्यलाई तिव्र रुपमा अगाडि बढाइने छ ।
- जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिपेक्षमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिने छ ।
- जलवायु परिवर्तनको न्युनिकरणका लागि जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरि हरित अर्थतन्त्रको प्रर्वद्धन गर्न पहल गरिने छ
- जलउत्पन्न प्रकोपलाई नियन्त्रणमा लिनका निमित्त तथा खोल्साका तथा सडक किनारामा बाँस रोप्ने, घेरवार तथा ग्याविन तारजालीवाला पर्खाल लगाएर भूक्षय हुनबाट रोक्नुका साथै नदिनालाहरुलाई सधै प्रदुषणरहित र वनजंगललाई सधै हराभरा राख्न वातावरणलाई स्वच्छ राखिने छ ।

**ङ) शिक्षा स्वास्थ्य खेलकुद नीती तथा कार्यक्रम :**

- कोरोना माहामारी आउन सक्ने जोखिमलाई मध्यनगर गर्दै पुर्व तयारी स्वरूप स्वस्थ्य उपकरण तथा औषधि आपूर्तिको उचित व्यवस्था मिलाइने छ ।
- यस गाउँक्षेत्रका युवाहरुमा वेरोजगारीको दर उच्च छ, सक्रिय जनसंख्याको हिस्सा उच्च हुँदा पनि उक्त युवा जनशक्तिलाई रोजगारी प्रदान गर्न नसकिदा एकातर्फ गरिबी न्यूनिकरण हुन सकिरहेको छैन भने अर्कातर्फ उपलब्ध स्रोत साधनका समुचित परिचालन हुन नसकेको तीतो यथार्थ हाम्रो सामु छ । युवाहरुलाई उपलब्ध स्रोत साधनको परिचालन गरी रोजगारी सिर्जनामार्फत गरिबी न्युनीकरण गर्ने, युवाहरुलाई सिर्जनात्मक कार्यहरुमा उत्प्रेरित गर्ने, खेलकुदतर्फ प्रोत्साहन गर्ने खालका युवालक्षित कार्यक्रमहरु ल्याइने छ ।
- स्तरिय निशुल्क माध्यामिक विद्यालय, सिपमुलक प्राविधिक विद्यालय तथा शिशु विकास केन्द्रहरु सवैको पहुचमा हुने गरि स्थापना तथा व्यवस्थापन गरिने छ । यसका निमित्त अहिले स्थानिय जनताले आफ्नो गास कटाएर शिक्षकहरुको तलव भुक्तानी गर्नु पर्ने अवस्थाको अन्त्य गर्नतिर आवस्यक पहल गरिने छ ।
- विद्यालयको पहुँचबाट टाढा रहेका वस्तिहरुमा वालविकास केन्द्रको स्थापना गरि विद्यालय क्षेत्रभन्दा वाहिर भएका वालवालिकाको संख्या शुन्य अवस्थामा झार्ने कार्यका लागि तिव्रता साथ पहल गरिने छ ।
- साना र छरिएर रहेका वस्तिहरुमा समेत वालविकास केन्द्रको स्थापना गरिने छ । समग्रमा साक्षरता प्रतिशत ९५% पुराइने छ । गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई छात्रवृत्तीको व्यवस्था गरिने छ । विद्यार्थी भर्ना कार्यक्रम तथा अविभावकहरुमा जनचेतनामुलक कार्यक्रमहरु अगाडि बढाइने छ । गा.पा. क्षेत्रभित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधार गर्न र "सबैका लागि र सधैका लागि शिक्षा" भन्ने नारालाई मुर्तरुप दिन विभिन्न कार्यक्रम सञ्चाल गरिने छ ।
- यस गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा गत आ.व.मा दिईदै आएको मा.बि., नि.मा.बि. र वाल विकास शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिदै थप प्रा.बि. को शिक्षण सिकाई अनुदानको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई शिक्षक विद्यार्थीहरुको अनुपातको आधारमा दरबन्दीको व्यवस्था गरिने छ ।
- गाउँपालिकाबाट नियुक्ति भएका वालविकास शिक्षकहरुको पारिश्रमिकमा रु दुई हजारले वृद्धि गरिने छ ।



दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

- विद्यालय कर्मचारी (लेखापाल) जम्मा सात जनाको मासिक पारिश्रमिकमा रु १५००/- (अक्षेरुपी पन्द्र सय) सय थप गरिने छ ।
- विषयगत रूपमा मौजुदा अवस्थाका आधारमा प्रत्येक बर्ष कम्तिमा ५ प्रतिशत बृद्धि हुने गरी TIP तयार गरिने छ ।
- शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र सामग्री प्रयोग अनिवार्य गर्दै Teacher time and Task अभिवृद्धि गरिने छ ।
- स्थानीय पाठ्यक्रमको माध्यमले परम्परागत ज्ञान, सीप र सस्कृतिको संरक्षण, सर्वद्धन गर्दै, माध्यमिक शिक्षामा (STEAM) मा जोड दिइनेछ ।
- गाउँ शिक्षा योजना निर्माण गरी कार्यन्वयनमा ल्याइने छ ।
- स्तरीकृत परीक्षा प्रणालीको सुरूवाती गरिनेछ ।NASA Assessment Tools को उपयोग गर्दै, परीक्षालाई सिकाइका लागि मूल्यांकनको रूपमा उपयोग परीक्षाफलको विश्लेषण र विकासमा केन्द्रित गरिनेछ ।
- नतिजाप्रति शिक्षकलाई जिम्मेवार बनाई कार्यसम्पादन र प्राप्त नतिजाका आधारमा प्रोत्साहन अनुदानको व्यवस्था
- विद्यालयहरूको हालको अवस्था सर्वेक्षण गरी न्यूनतम पूर्वाधार नपुगेका विद्यालयहरूलाई प्राथमिकता दिदै सबै विद्यालयहरूको भौतिक पूर्वाधार स्तरउन्नती, समावेशी र बालमैत्री बनाइने छ ।
- सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको प्रवन्ध गरी उपलब्ध स्रोत साधनलाई विद्यार्थीमैत्री बनाउदै लगिने छ ।
- प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार गर्ने, निर्धारित लक्ष्य हासिल गर्न व्यवस्थापनमा स्वयत्तता दिदै अनुगमनलाई नतिजामूलक बनाउदै लगिने छ ।
- विपद्का बेला समेत उपयोगी हुने गरी नियमित विद्यालय सञ्चालनका अतिरिक्त बैकल्पिक सिकाईका उपयहरू (रेडियो, इन्टरनेट) को समेत प्रयोग गर्न सक्ने गरी स्रोतसाधन र क्षमता विकास गरिने छ ।
- गरिव, विपन्न, विशेष आवश्यकता भएका बालबालिकाहरूको आधारभूत शिक्षाको सुनिश्चितताका लागि विशेष कोषको व्यवस्था गरिने छ ।
- संस्थागत विद्यालयहरूको शुल्क निर्धारण, छात्रवृत्ति वितरणका आधारहरूलाई पारदर्शी बनाउदै प्रभावकारी नियमनका माध्यमले सेवामूलक बनाउदै लगिने छ ।
- विभिन्न सघं संस्था, अभिभावक, चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गरिने छ ।
- सामुदायिक सिकाई केन्द्रलाई अगुवा विद्यालयको क्षेत्र, वडा कार्यालय वा सर्वसाधरण नागरिकहरूको उपस्थिति हुने केन्द्रहरूमा पुनः वितरण गरिने छ ।
- सामुदायिक सिकाई केन्द्रलाई स्रोत साधनले सम्पन्न (इन्टरनेट, कम्प्युटर, पुस्तकालय, पत्रपत्रिका आदि) बनाइने छ ।

प्रमाणित

दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

- गत आ.व. देखि नै जमिनको बढ्दो माग र घट्दो उपलब्धतालाई मध्यनजर गर्दै बिद्यालयको भौतिक संरचना निर्माण गर्दा RCC बनाउदै आकाशको प्रयोग गर्ने गरेको र यो आर्थिक बर्षमा पनि सो कार्यलाई निरन्तरता दिईने छ ।
- परिचारिकाहरूको क्षमता विकास गरिने छ ।
- छरिएर रहेका वस्तिहरुमा समेत स्वास्थ्यसेवालाई सहज रुपमा उपलव्ध गराउनका निमित्त हाल स्वास्थ्य संस्था नरहेका वडाहरुमा तत्काल स्वास्थ्य चौकिको व्यवस्था गर्नका निमित्त आवश्यक पहल गरिनुका साथै गाउघर क्लिनिक र सामुदायिक स्वास्थ्य इकाईहरुलाई आवश्यक जनशक्ति तथा सामग्रीहरुको व्यवस्था मिलाइने छ ।
- घरमा हुने सुत्केरीलाई शून्य बनाउनको लागि प्रत्यक स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने सुत्केरी महिलाहरुलाई यातायात खर्च वापत भत्ताको व्यवस्था गरिने छ ।
- गा.पा.लाई पूर्ण खोप र पूर्ण सरसफाईयुक्त बनाउनका साथै वालमृत्युदर,मातृमृत्युदर घटाउन आवश्यक पहल गरिनेछ ।
- कुपोषित वालवालिकाको संख्या घटाउन महिला स्वास्थ्य स्वयम सेविका, आमा समुहहरु, साथै अन्य स्वास्थ्य सम्बन्धी काम गर्ने संघ संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।
- युवा युवतीहरुको लागि यौन तथा एच आइ भि एड्स जस्ता सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचार प्रसार लगायत जनचेतनामुलक कार्यक्रमहरुको आयोजना प्रत्येक वडाहरुमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा एउटा एम्वुलेन्सको व्यवस्था भई सकेको जानकारी गराउदै असाहय विपन्नलाई, बृद्धाहरुलाई र गर्ववती महिलाहरुलाई एम्बुलेन्समा छुटको व्यवस्था गरिएको छ र आगामी दिनहरुमा पनि त्यसलाई निरन्तरता दिइने छ ।
- सञ्चालनमा रहेका वर्थिङ सेन्टरहरुमा आवश्यक स्वास्थ्यकर्मीहरुको व्यवस्था गरिने छ ।
- सामाजिक स्वास्थ्य विमा कार्यक्रमलाई तिव्र गतिमा अगाडि बढाइने छ ।
- गाउँपालिका भित्रका सम्पूर्ण जनतालाई सुरक्षित खानेपानिको प्रवन्ध मिलाउनको लागि पहल गरिने छ ।
- खानेपानीका अभाव भएका वस्तिहरुमा स्वच्छ खानेपानिको सुविधा उपलव्ध गराउन खानेपानी आयोजनाहरु सञ्चालन गरिने छ ।
- साविकको खानेपानी तथा सरसफाइ सव डिविजन कार्यालय मार्फत सञ्चालनमा रहेका वहुवर्षिय आयोजनाहरुलाई तोकिएको समयमा सम्पन्न गर्न थप पहल गरिने छ ।
- फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानिको सुद्धिकरण गरेर मात्र पिउने र सरसफाइमा ध्यान दिने जस्ता संस्कारको विकास गर्न यस सम्वन्धमा "सफा र स्वच्छ खानपान, लुङ्ग्री गाउँपालिकाको शान"भन्ने नारालाई मूर्तरुप दिन कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- "स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद" भन्ने मुल नारालाई आत्मसात गर्दै छरिएर रहेका युवाक्लव, युवा समुह र विभिन्न प्रकारका खेल तथा खेलाडीहरुलाई व्यवस्थित गर्नका निमित्त एकिकृत खेलकुद विकास समिति निर्माण गरि पुर्वाधारको निर्माण, प्रशिक्षण र प्रतियोगिताको आयोजना गरिने छ ।
- एक वडा एक खेल मैदानको अवधारणालाई लागू गरिने छ ।
- बलालेको खारखोलामा रहेको खेलमैदानलाई वहुउपयोगी मिनि खेलमैदानको रुपमा विकास गरिने छ ।
- गा.पा.भित्र उपर्युक्त स्थानको खोजी गरि पुर्वाधारयुक्त र सुविधा सम्पन्न रंगशाला निर्माणको कार्यलाई अगाडि बढाइने छ ।
- समग्र खेल क्षेत्रको विकासका लागि गा.पा. कप खेल प्रतियोगिता गरिने छ ।

दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

प्रमाणीत

➢ कोभिड-१९ बाट आफु बचौ र अरुलाई पनि बचाउ भन्ने उद्देश्यका साथ विविध सुरक्षित कार्ययोजनाहरु ल्याइने छ ।

**च) कला संस्कृति सम्वन्धी नीति :**

- ➢ कला, साहित्य र संस्कृतीको क्षेत्रमा विशेष योजना निर्माण गरि सोको संरक्षण र प्रवर्द्धन गरिने व्यवस्था मिलाइने छ ।
- ➢ प्राचिन कालदेखी रहि आएका कला, साहित्य र संस्कृतीलाई उचित प्रोत्साहन दिइने छ ।
- ➢ जाँड रक्सी जुवातास जस्ता सामाजीक विकृती तथा विसंगतीहरुलाई नियन्त्रण गर्नका निमित्त आवस्यक पहल गरिने छ ।

**छ) सामाजिक परिचालन तथा टोल विकास नीति :**

- ➢ बालमैत्री गाउँपालिका घोषणा अभियान सुरु गरिने छ ।
- ➢ टोल विकास तथा सामुदायिक संघसंस्थाहरुको सहयोग, समन्वय र सक्रियतामा सामुदायिक विकासका कार्यक्रम सञ्चालन गरिने छ ।
- ➢ सामुदायिक संस्थाहरु मार्फत लक्षित वर्ग केन्द्रीत पुर्वाधार विकास, संस्थागत विकास आयमुलक एवम शिपमुलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**ज) सामाजिक सुरक्षा तथा अन्य नीती :**

- ➢ यस क्षेत्रमा रहेका जनजाती, दलित, अल्पसंख्यक, अपाङ्ग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइने छ ।
- ➢ लैङ्गिक भेदभावको कारण महिलाको स्थान समाजमा पुरुष भन्दा न्यून भएकोले तिनिहरुको उत्थानको लागि बिशेष कार्यकम सञ्चालन गरिने छ ।
- ➢ फरक क्षमताका बालबालिकाको लागि विद्यालयमा छात्रवृत्ती दिनुको साथै अवको विकास अपाङ्ग मैत्री र बालमैत्री बनाउने तर्फ नीति अंगिकार गरिने छ ।
- ➢ दलित समुदायलाई गरिदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालको कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।
- ➢ आदिबासी जनजाती , लोपोन्मुख समुदाय तथा अल्प संख्यकहरुलाई समेत विकासको मुल धारमा ल्याउन पहल गरिने छ ।
- ➢ यस गा.पा. लाई शान्ति सुरक्षाका दृष्टिले सुव्यवस्थित र कानूनी साशनयुक्त गाउँपालिकाको रुपमा विकास गरिने छ ।
- ➢ यस गा.पा.का क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित तरिकाले संरक्षण गरिने छ ।
- ➢ वचत वृद्धी, पुँजी निर्माण र ऋण परिचालन मार्फत आम जनताको जिवनस्तरमा सुधार गरिने छ ।
- ➢ कार्यालयले आफै र आफ्नो मातहतका कार्यालय हरु मार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिताका लागि गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभुती, पारदर्शिता, जवाफदेहीता , भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत शुसाशन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यन्वयन गर्दै लगिने छ ।

प्रमाणित

दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

झ) सूचना तथा प्रविधि नीतिः

गाउँपालिकाको प्रत्येक वडामा सुचना तथा प्रबिधिको पहुँच पुर्याइएको छ । अझै पनि केहि वडामा बिजुलीको पहुँच अभावका कारण बैकल्पिक उर्जा मार्फत इन्टरनेटको सुबिधा प्रदान गरिएको छ । आगामी वर्ष सम्म प्रत्येक वडामा द्रुत गतिको इन्टरनेट सुबिधा उपलब्ध गराइने छ । मोबाइल नेटवर्किंगको लागि दुर संचार संग अनुरोध तथा समन्वय गरिने छ । वडा नं १ ऐपेमा निर्माणाधीन टेलीफोन टावरलाई यथाशिघ्र संचालनमा ल्याउने प्रयास गरिने छ साथै वडा नं ४ को नम्जामा टावर बनाउनको लागि ठेक्का स्वीकृत समेत भई सकेकाले सो निर्माण कार्यलाई यथाशिघ्र शुरु गर्न पहल गरिने छ ।

ञ) रोजगार कार्यक्रम सम्बन्धी नीति

देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।

• स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।

• दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न आवश्य सीपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।

• COVID-19 को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।

  - आर्थिक बर्ष ०७७/७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कूल २१ वटा योजनाहरु संचालन गरी २७४ जनालाई १०० /१०० दिनको रोजगार प्रदान गरी न्युनतम रोजगारी प्रत्याभुती गराइएको छ । आगामी आर्थिक बर्षमा समेत यस कार्यक्रमलाई निरन्तरता दिई करिब ३०० जना बिपन्न वर्गलाई रोजगारीको अवसर सृजना गरिने छ ।
  - आगामी आर्थिक बर्षमा संघ प्रदेश संग समन्वय गर्दै सिपमुलक तालिमको समेत व्यवस्था मिलाईने छ । यसबाट कोभिड-१९ का करण प्रभावित व्यक्तिहरुलाई आर्थिक जीवनस्तर सुधार गर्नको लागि थप टेवा पुग्ने छ ।

• संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

• आन्तरिक रोजगारि सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैह्रसहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ।

• बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सिप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

• युवा तथा शैक्षिक बेरोजगारलाई प्रथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

• श्रम सम्बन्ध लाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण,कृषि, व्यवसायिक उद्योग,वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।

दुर्गा बहादुर खड्का
गा.पा. अध्यक्ष

• रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ।
• गाउँपालिका स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।
• आफ्नो माटो चिनौ, आफ्नै गाउँ बनाऔं स्वलम्बन अभियान संचालन गरि युवाहरुलाई रोजगारीका अवसरमा सहजीकरण गरिनेछ।
• युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिक आधारित सामुदायिक आयोजना संचालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ।
• बैदेशिक रोजगारी बाट फर्किएका,रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पुजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ।
• संघीय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामाग्री तथा औजारहरुको लागि पालिकाबाट बजेट विनियोजन गरिनेछ।
• कामको सम्मान, स्वरोजगार उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्वस्थापन यस गाउँपालिकाको नीति हुनेछ।
• यस गाउँपालिका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्यूनतम आवश्यकता बाट बञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकता हुनेछ।

ट) बहुक्षेत्रीय पोषण नीति :

- महिला वालवालिका तथा किशोर किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन बहुक्षेत्रीय कार्यक्रमलाई थप बिस्तार गरिने छ ।
- गाउँपालिका भित्रका वडाहरुलाई यसै आर्थिक बर्ष भित्र पोषण मैत्री स्थानीय शासन लागू गरिने छ ।
- पोषणयुक्त खानेकुरामा पहुँच नहुनु, खाद्य बस्तुलाई उचित तरिकाले उपभोग नगर्नु, न्यून सरसफाई, संक्रामक रोग तथा न्यून चेतना जस्ता समस्याहरु समाधान गर्न बहुक्षेत्रीय कार्यक्रमलाई थप बिस्तार गरिने छ ।
- सुनौलो हजार दिनका आमाहरुका लागि शिशु तथा वाल्यकालिन पोषणमा स्तनपानपूरक खाना, स्याहार सुसार, सरसफाई, स्वच्छता, खाद्य सुरक्षा, समुचित उपचार जस्ता बिषयहरुलाई एकीकृत रुपमा सम्बोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- दिगो विकासका लक्ष अनुरुप लक्षहरु हासिल गर्नको लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप बिस्तार गरिने छ ।

## लैंगिक समानता एवम सामाजिक समावेशीकरण सम्बन्धि निति

- लैंगिक तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी महिला, पछाडी परेका समुदायको आर्थिक, सामाजिक शसक्तिकरण र नेतृत्व विकासको लागि कार्यक्रम संचालन गरिनेछ ।

- घरेलु हिंसा, लैंगिक एवं सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास उन्मूलनका लागि गैर सरकारी क्षेत्र समेतको सहभागितामा सामाजिक जागरण र सचेतना अभियान संचालन गरिनेछ ।
- लैंगिक हिंसामा परेका महिलाहरुको उपचार तथा पुनस्थापनाका लागि लैंगिक हिंसा निवारण कोष को व्यवस्था गरिनेछ
- असहाय, अनाथ, वेवारीसे बालबालिकाहरुको संरक्षण तथा विषेश सुरक्षा प्रदान गर्न संघ,प्रदेश र गैर सरकारी क्षेत्र समेतको सहभागिता, समन्वय र सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरीक र अपांगता भएका व्यक्तिहरुको कानुनी प्रदत्त अधिकार र सेवासुविधा प्रदान गराउन सहजिकरण गरिनुका साथै अपांग मैत्रि गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- वालविवाहमुक्त गाउँपालिकाको रुपमा विकास गर्ने कार्य र अभियानलाई अगाडि बढाइनेछ ।

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

यस गाँउपालिकाको गाँउसभामा आ.ब. ०७८/७९ को बार्षिक नीति तथा कार्यक्रम तयार गर्ने क्रममा आफ्नो अमूल्य सुझाब र सहयोग सहित सहभागि हुनुभएका गाँउपालिकाका सम्पूर्ण जनसमुदायहरु, गाँउसभाका सदस्यज्यू हरु , बौद्धिक बर्ग, दातृ निकाय गैर सरकारी संस्था, पत्रकार मित्रहरु, सुरक्षाकर्मी मित्रहरु, बिभिन्न बिषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधी ज्यू हरु लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा बिशेष आभार व्यक्त गर्न चाहन्छु । त्यसै गरि सहभागितामुलक योजना तर्जुमाको सुरुवात देखि आजको यस सार्वजनिक समारोहसम्म रातदिन सार्वजनिक बिदाको दिनमा समेत खटिएर काम गर्ने गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत,प्रशासन अधिकृत, सम्पूर्ण बिषयगत शाखाका प्रमुखज्यूहरु, बडा सचिबहरु लगायत सम्पूर्ण कर्मचारीहरु तथा पदाधिकारीहरुले गरेको योगदानको उच्च मुल्याङ्कन गर्दै विशेष धन्यबाद ज्ञापन गर्न चाहान्छु ।

अन्त्यमा प्रस्तुत योजना, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनमा सबै पक्षबाट रचनात्मक सहयोगको अपेक्षा गर्दै बिदा हुने अनुमति चाहन्छु ।

**धन्यबाद !**